का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक १३९
❐ ८ साउन २०७७, बिहीबार
❐ 23 July 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेटः बुधबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १८०९४ जना | १२६८४ जना | ३२७६१४ | ५३६८ | ४२ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ५१ लाख ५३ हजार | ९१ लाख ६३ हजार | ६ लाख २१ हजार | ५३ लाख ६८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम



माछा मारौं नः तनहुँको व्यास नगरपालिका–३ स्थित मादी नदीमा जोखिम मोलेर माछा मार्नका लागि जाल राख्दै एक वृद्ध । केही दिनदेखि परेको वर्षाले नदीमा पानीको बहाव बढेपनि माछा मार्ने क्रम भने रोकिएको छैन । तस्वीर : कृष्ण न्यौपाने

# चलमलायो शहर

**१२० दिन पछाडि लकडाउन अन्त्य भएपछि बुधबार देशभरका नयाँ चहलपहल देखिएको छ । लामो समयको असामान्य अवस्था अन्त्य भएसँगै बुधबार विशेषगरी शहरी क्षेत्रमा भिडभाड देखिएयो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन ।

गएको चैत ११ गते देखि लकडाउन जारी गरिएकाले असमान्य बनेको जनजीवन बुधबार चलमलायो । ग्रामिण क्षेत्रमा लकडाउनमै पनि केही सहज अवस्था थियो । तर, शहरको जनजीवन कष्टकर बन्दै आएको थियो । तर, सरकारले १२० दिन पछाडि बुधबार देखि लकडाउन अन्त्य गरिएपछि शहरी क्षेत्रमा चहलपहल बढेको छ । राजधानी उपत्यकामा जोरबिजोर प्रणाली अन्त्य गरिएकाले भिडभाड बढेको थियो ।

लकडाउनको अन्त्यसँगै सरकारी कार्यालय खुले भने नीजि ब्यापार ब्यावसायमा सञ्चालनमा आएको छ । मुलुतः सवारी साधनमा गरिएको कडाई अन्त्य भएकाले राजधानी उपत्यकाको दृष्य फरक देखिएको थियो । सवारीको चाप बढेकाले ट्राफिक प्रहरीले चेकजाँच बढाएको छ । दुर्घटना न्यूनीकरण र ट्राफिक व्यवस्थापन सहज बनाउन ट्राफिक नियम कडाइ गर्न थालिएको छ । तर, संक्रमणको त्रास बीच सार्वजनिक सवारी समेत सञ्चालनमा आएकाले सामाजिक दूरी कायम भए/नभएको बारे समेत अनुगमन थालिएको छ ।

यस्तै मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउन पनि प्रहरीले आग्रह गरेको छ । मादक पदार्थ सेवन गरी सवारी सञ्चालन गरेको पाइए कार्बाही गरिने पनि प्रहरीले चेतावनी दिएको छ । सरकारले उच्च सतर्कताका अपनाउँदै लकडाउन अन्त्य गर्ने घोषणा गरेपनि केही क्षेत्र भने खुल्ने छैनन् । ती क्षेत्र खुलेलगत्तै पूर्ण



रुपमा लकडाउनको अन्त्य हुनेछ ।

सरकारले अहिले सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन गर्न दिएको छैन । यस्तै, सबै प्रकारका तालिम, गोष्ठी र सेमिना हुनेछैन । शैलुन ब्यूटीपार्लर तथा स्पा चल्ने दिइने छैन । सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायत मनोरञ्जनका क्षेत्र खुल्ने छैन ।

भदौ १ गते देखि खेलकुद प्रतियोगिताको अभ्यास गर्न दिइने भएको छ भने स्वीमिङ पुल, जिमखाना लगायत पनि खुलेको छैन । पुस्ताकालय, संग्राहलय, चिडियाखाना, धार्मिक तथा राजनीतिक सभा सम्मेलन समेत रोकिएको छ । शैक्षिक संस्थाहरु खुले पनि सञ्चालनमा भने आउने छैन ।

तर, भदौ १ गतेसम्म सबै खुलिसक्नेछ । साउन १५ गतेदेखि होटल तथा रेष्टुरेन्ट, ट्रेकिङ, पर्यटन व्यवसाय खुल्नेछ भने भने भदौ १ गतेदेखि लामो दुरीको सार्वजनिक यातायात, आन्तरिक तथा बाह्य उडान पनि हुनेछ । शैक्षिक संस्थाहरुले विद्यार्थी भर्ना र परीक्षा सञ्चालनमा आउनेछ । आजदेखि भने छोटो दुरीका सार्वजनिक यातायात चल्नेछ । यसो हुँदा शहर फेरि बिस्तारै आफ्नो लयमा आउनेछन् ।

# चिनियाँसहित थप दुईको मृत्यु

**चार महिना लामो लकडाउन अन्त्य भएकै दिन कोभिड महामारीको संक्रमणबाट एक चिनियाँ नागरिक सहित थप दुई जनाको मृत्यु भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन ।

चार महिना लामो लकडाउन अन्त्य भएकै दिन एक चिनियाँ नागरिक सहित थप दुई जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी बधुबार थप दुई जनाको मृत्यु भएको जानकारी दिएको छ । मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले रौतहटमा एक जना पुरुष र शिक्षण अस्पतालमा एक चिनियाँ नागरिकको मृत्यु भएको बताए ।

उनका अनुसार, महोत्तरीका ६० वर्षीय एक बृद्ध र काठमाडौं शिक्षण अस्पतालमा एक चिनियाँ नागरिकको मृत्यु भएको हो । बुधबार दुई जनाको मृत्यु भएसँगै नेपालमा कोभिड महामारीको संक्रमणबाट मृत्यु हुनेको संख्या ४२ पुगेको छ ।

गएको २४ घण्टामा संक्रमित संख्या पनि बढेको छ । बुधबार थप एक सय जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । बुधबार थपिएको सहित नेपालमा संक्रमित संख्या १८ हजार ९४ पुगेको छ । यस मध्ये बुधबार मात्रै २०७ जना संक्रमित निको भएर घर फर्किएका छन् । बुधार निको भएका सहित डिस्चार्ज हुने बिरामीको संख्या १२ हजार ६८४ पुगेको छ ।

देशका विभिन्न कोरोना अस्पतालमा अहिले पाँच हजार ३६८ संक्रमित आइसोलेसनमा छन् । मन्त्रालयले अहिलेसम्म २७ प्रयोगशालाबाट तीन लाख २७ हजार ६१४ जनाको पीसीआर परीक्षण गरिएको जानकारी दिएको छ । तर, परीक्षण दर भने घट्दै गएको छ । जबकी स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले दैनिक दश हजारको परीक्षण गराउने दावी गरेका थिए । तर, अहिलेसम्म एकै दिन सात हजार पनि परीक्षण हुन सकेन ।

मन्त्रालयले भने परीक्षण गराउनुपर्ने दायरा घटेकाले परीक्षण दर नबढेको बताएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि ६ लाखको पीसीआर परीक्षण गराउने घोषणा गरेका थिए ।

कर्णाली सबक

जिल्ला प्रशासन कार्यालय सुर्खेतले मास्क नलगाई हिँड्ने व्यक्तिलाई कारवाही गर्दा करीब रु एक लाख राजश्व संकलन गरेको छ । कार्यालयले दुई साताका अवधिमा एक हजार ५९ जनालाई कारवाही गर्दा प्रतिव्यक्ति रु १०० का दरले रु एक लाख पाँच हजार ९०० राजश्व संकलन गरेको हो ।

कोभिड १९- को संक्रमण फैलिनबाट रोक्न गृह मन्त्रालयले असार २२ गते सबै बाँकी पृष्ठ २ मा

# ठूलालाई सधैं छुट !

**सरकारले लकडाउन अन्त्य गरेपनि कोभिड महामारीको खतरा रहेकाले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । तर, बुधबार सत्तारूढ नेकपाकै उच्च नेताहरूले नै यसको कुनै वास्ता गरेको देखिएन ।**



*बयालिसौं पुष्पलाल स्मृति दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममा पुष्पलालको शालिक अगाडि सामूहिक तस्वीरमा पूर्व प्रधानमन्त्री एवम् सत्तारूढ नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल । तस्वीर : चन्द्रकला क्षेत्री/रासस*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन ।

कोभिड महामारी रोकथामका लागि सरकारले १२० दिन लामो लकडाउन गरेको छ । बुधबारबाट मात्रै लकडाउन अन्त्य भएको घोषणा गरिएको छ । तर, महामारीको खतरा नटरकोले उच्च सतर्कता अपनाउन सरकारले आग्रह गरेको छ ।

अझ राजनीतिक सभा सम्मेलनका लागि सरकारले अनुमती दिएको छैन । सभा सम्मेलनबारे सरकारले कुनै निर्णय लिइसकेको छैन । तर, सत्तारुढ नेपाल नेपाल कम्युनिस्ट पार्टीले भने यसबारे कतिपनि हेक्का नराखी सार्वजनिक कार्यक्रम गरेको छ ।

नेकपाका संस्थापक महासचिव पुष्पलालको ४२औं स्मृति दिवसको अवसरमा देशभर आयोजित कार्यक्रममा नेताहरुको सहभागिता रह्यो । बरिष्ठ नेताहरुकै सहभागितामा औपचारिक कार्यक्रम गरिएको थियो । संभवतः लकडाउन यताको यो पहिलो औपचारिक कार्यक्रम हो । यसअगाडि भर्चुएल माध्यमबाट मात्रै कार्यक्रम आयोजना हुँदै आएको थियो ।

हुन त महामारीको संक्रमण बिस्तारमा भीभीआईपीहरुकै सहभागिता रहेको भनी विभिन्न टिप्पणी हुँदै आएको छ । लामो तथा छोटो दूरीको यात्राका लागि ठूलाहरुलाई मात्रै अनुमति दिइने भएकाले उनीहरुबाटै संक्रमण सरेको थियो । फेरि, सत्तारुढ सहित ठला नेताहरु नै महामारी रोकथामप्रति वेवास्ता गर्दै आएका छन् ।

देशभर सभा

सत्तारुढले पुष्पलाल स्मृति दिवस मनाइए झैं प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले पनि देशभर सार्वजनिक सभा गरी कार्यक्रम मनाएको छ । काँग्रेसले पनि आफ्ना संस्थापक बीपी कोइरालाको स्मृतिमा सभा गरेको छ ।

बुधबार नेकपाले देशभर पुष्पकमल स्मृति दिवस मनाएको छ । दिवसका अवसरमा पुष्पलाल स्मृति प्रतिष्ठानले कीर्तिपुरको चम्पादेवीमा अवस्थित पुष्पलाल स्मृति पार्कमा कार्यक्रम गरेको थियो ।

उक्त कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपाल, पार्टीका उपाध्यक्ष वामदेव गौतम, स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल लगायत पुष्पलालको शालिकमा माल्यार्पण गर्न पुगे ।

नेता नेपाल पूर्वप्रधानमन्त्री समेत हुन् । उनकै सहभागितामा औपचारिक कार्यक्रम बाँकी पृष्ठ २ मा

# अन्तर्राष्ट्रिय उडानसँगै नयाँ श्रम स्वीकृति दिइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अन्तर्राष्ट्रिय उडान शुरु भएपछि मात्रै वैदेशिक रोजगारीमा जाने नयाँ कामदारको श्रम स्वीकृति शुरु गर्ने तयारी गरेको छ । कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) ले एक महिनाअघि नै श्रम मन्त्रालयलाई वैदेशिक रोजगारीमा जाने नयाँ कामदारहरुका लागि श्रम स्वकिृति दिन सक्ने अख्तियारी प्रदान गरेपनि मन्त्रालयले अन्तरर्ाष्ट्रिय उडान शुरु भएपछि मात्र नयाँ कामदारको श्रम स्वीकृति खोल्नु उपयुक्त हुने निष्कर्ष निकालेको श्रोतले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दियो ।

सीसीएमसीको असार ५ गते बसेको बैठकले परिस्थिति हेरेर बिदामा नेपाल आएकासहित नयाँ रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृति दिने निर्णय गर्न सक्ने अख्तियारी श्रम मन्त्रालयलाई दिएको थियो । मन्त्रालयको निर्देशन पनि वैदेशिक रोजगार कार्यालय काठमाडौंले असार १८ गतेबाट बिदामा आएका तथा करार अवधि बाँकी रहेकाहरुलाई पुनः श्रम स्वीकृति दिन शुरु गरेको हो ।

सीसीएमसीले वैदेशिक रोजगारीमा जाने नयाँ कामदार हरुलाई पनि प्रचलित जनस्वास्थ्य प्राटोकल पालना गरी श्रम स्वीकृति दिनसक्ने म्याण्डेट मन्त्रालयलाई दिएको छ । सीसीएमसीले नयाँ रोजगारीका लागि विदेश जाने श्रमिकलाई श्रम मन्त्रालयले कोभिड-१९ परीक्षणको रिपोर्टका लागि चाहिने खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्ने गरी श्रम स्वकिृति दिन अनुमति दिएको छ । मन्त्रालयले जनस्वास्थ्यको प्रोटोकल भने सार्वजनिक गरिसकेको छैन । वैदेशिक रोजगार व्यवसायी अभिमुखीकरण महासंघले कोरोना सम्बन्धी छुट्टै कक्षा सञ्चालन गनुपर्ने माग गरेको छ । यसले कामदारको स्वास्थ्य परीक्षण लागत बढाउने छ ।

गत फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने नयाँ कामदारको श्रम स्वीकृति बन्द रहेको छ । लकडाउन र अन्तरर्ाष्ट्रिय उडान प्रतिवन्धका कारण रोजगारदाताले भिसा दिई वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्राप्त गरेका १ लाख १५ हजार कामदार विदेश जान नपाएको र पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारको अन्तिम श्रम स्वीकृति हुन नसकेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम स्वीकृति सकेसम्म छिटो खुला गर्न माग गरेको छ ।

कतारले नेपाललाई कोरोना जोखिमयुक्त मुलुकको सूचीमा राखेपनि जापान र कोरियामा एक महिनाअघि नै नेपाली कामदार रोजगारीका लागि गइसकेका छन् । हाल मलेसिया, साउदी अरब, यूएई, ओमान, कुवेतलगायत नेपाली कामदार रहेका प्रमुख गन्तव्य मुलुकहरुले लकडाउन खुला गरी कडा सुरक्षाकाबीच औद्योगिक उत्पादन र निर्माण कार्य शुरु गरेका छन् । त्यसमध्ये मलेसियामा विदेशी कामदारको माग बढ्न थालेको नेपाली दूतावासले जनाएको छ ।

यसैबीच त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले भदौ १ गतेदेखि दैनिक १५ वटासम्म अन्तर्राष्ट्रिय उडान गर्ने तयारी शुरु गरेको छ । विमानस्थलका प्रमुख देवेन्द्र केसीले कोभिड १९ संक्रमणको जोखिमलाई हेरेर दैनिक १५ वटासम्म उडान गर्न सक्ने अवस्थामा विमानस्थल रहेको बताए ।

उनले विमानस्थलमा डिपार्चर र एराइभलका लागि बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगार कार्यालय ताहचलका प्रमुखको सरुवा

**काठमाडौं/मस–** वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचलका कार्यालय प्रमुख उमेश बस्नेतको सरुवा भएको छ । बुधबार भएको २६ जना सहसचिवको सरुवामा उनी पनि परेका हुन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बढुवा भएका नयाँ १० जना सहसचिवहरुको पदस्थापन र अन्य १६ जना गरी २६ जना सहसचिवहरुको एकैसाथ सरुवा गरेको थियो । उक्त सरुवामा काठमाडौं कार्यालयका प्रमुख बस्नेत गृहमन्त्रालयमा गएका हुन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा दुई नयाँ सहसचिव सरुवा भई आएका छन् । नयाँ आउनेहरुमा राष्ट्रिय सूचना आयोग, काठमाडौंका सहसचिव बिनु बज्राचार्य कुँवर र हेटौंडा उपमहानगरपालिका, मकवानपुरका सहसचिव राजेश पौडेल छन् । विगतमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा कार्यरत रही हालै बढुवा भएका सहसचिव विपिन आर्चायको अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदस्थापन भएको छ ।

श्रम मन्त्रालयले करिब दुई महिनापछि सोमबार बाँकी पृष्ठ २ मा

# विपद्मा परी मृत्यु भएका व्यक्तिको परिवारलाई दुई लाख राहत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन



सरकारले विपद्मा परेर मृत्यु भएकाको परिवारलाई दुई लाख राहत दिने भएको छ। विपद्मा परी कुनै परिवारमा एकजनाको मृत्यु भएमा २ लाख, सोही परिवारमा अन्य व्यक्तिको पनि मृत्यु भएमा प्रति व्यक्ति थप १ लाखका दरले राहत उपलब्ध गराउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'राहत एकद्वार नीतिमार्फत उपलब्ध गराइनेछ। तर एकाघरका परिवारका सबै सदस्यको मृत्यु भएमा भने राहत उपलब्ध गराइने छैन।'

विपद्बाट घर, बहाल, आवास नष्ट भएमा खाद्यान्न बाली तथा जग्गा जमीन वा पसल व्यवसायसमेत नोक्सी भएमा तत्काल गुजाराको लागि प्रतिपरिवार पाँचजनासम्म सदस्य भए १५ हजार र पाँजजनाभन्दा बढी सदस्य भएमा २० हजार उपलब्ध गराउने निर्णय पनि भएको छ। विपद्बाट बसोबास गरिरहेको घर पूर्णरुपमा नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरि प्रति परिवार एकलाखसम्म उपलब्ध गराउने निर्णय पनि भएको छ।

'तर मनसुनको अवधिमा बाढी, पहिरो र डुबान तथा कटानलगायतका कारणबाट घरबारबिहीन भएका परिवारका लागि २०७२ सालको भूकम्प पीडितलाई प्रदान गरिएको विधि र प्रक्रियाबाट सहरी विकास मन्त्रालयले आवास निर्माण गर्ने व्यवस्था मिलाउने,' निर्णयमा भनिएको छ।

सरकारले विपद पीडित उद्धार तथा राहत व्यवस्थापनमा खटिने व्यक्तिलाई उचित पुरस्कारको घोषण गरेको छ। उद्धार र राहतको काममा खटिने समाजसेवी, राजनीतिक व्यक्ति, व्यवसायी, सामाजिक संघसंस्था एवं राष्ट्रसेवक कर्मचारीलाई पुरस्कार दिन प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुले गृह मन्त्रालयमा सिफारिस गर्न सक्नेछन्।

**मुख्य नदीहरुमा जल सतह घट्दो क्रममा**

देशका मुख्य नदीहरुमा जल सतह घट्दो क्रममा रहेको देखिएको छ। जल तथा मौसम विज्ञान विभागले कन्काइ, कमला, बागमती, नारायणी लगायतका नदीहरुको बहाब घट्दो क्रममा रहेको जनाएको छ। कोशी र त्यसका सहायक नदीहरुमा पानीको बहाब बढ्दो क्रममा रहेपनि अन्य ठुला नदीहरुमा पानीको बहाब घट्दो क्रममा रहेको विभागले जानकारी दिएको हो। महाकाली, कर्णाली र त्यसका सहायक नदीमा बहाब घट्दो क्रममा रहेको छ।

गत २४ घण्टामा कन्काइ नदीमा ९८ दशमलव ४ मिलिलिटर पानी परेको छ। यस्तै भैरहवामा ६४ दशमलव ५, गल्कोटमा ७४ दशमलव २ मिलिलिटर पानी परेको विभागले जनाएको छ। आगामी २४ घण्टामा प्रदेश नम्ब १, २, ५, बागमती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना विभागले औंल्याएको छ।

सिँचाई विभागका महानिर्देशक मधुकर प्रसाद राजभण्डारीले २१ वटा नदीलाई कार्यक्षेत्र बनाएर नियन्त्रणका काम भैरहेको बताए। आर्थिक वर्षमा ४७ किलोमिटर तटबन्ध निर्माण भएको छ। जसका कारण गत वर्ष १ सय ९० हेक्टर जमिन डुबान हुनबाट जोगिएको विभागको दावी छ।

# रातो मच्छिन्द्रनाथको रथारोहण शनिबार



**काठमाडौं/मस-** वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथारोहण आगामी शनिबार हुने भएको छ। मच्छिन्द्रनाथ गुठीसँग सम्बन्धित ज्योतिषीले साउन १० गते उत्तम साइत रहेको ठहर गरेसँगै मच्छिन्द्रनाथलाई रथमा विराजमा गराउन लागिएको हो।

सो दिन मध्यान्ह १२ बजेर पाँच मिनेटदेखि १२ बजेर २५ मिनेटसम्मको साइतमा मच्छिन्द्रनाथलाई रथमा विराजमान गराइने भएको हो। गुठी संस्थान ललितपुरले बाराही नाइकेलाई पत्र पठाएर रथारोहणको साइतको बारेमा जानकारी गराएका हुन्।

यसअघि असार २४ गतेका लागि तय गरिएको रथारोहण कोरोना संक्रमण बढेको कारण स्थगित गरिएको थियो। हाल तःबहालस्थित पाटीमा राखिएका मच्छिन्द्रनाथलाई चार-चार जना पुजारी मिलेर बाजागाजा, पूजापाठ र नीतिनियमका साथ पुल्चोकमा रहेको रथमा विराजमान गराउने प्रचलन छ।

विगत वर्षमा मच्छिन्द्रनाथलाई रथमा विराजमान गराएको चार दिनपछि रथ तानेर गाःबहाल हुँदै अन्त्यमा जाउलाखेल लगेर जात्रा देखाउने चलन भएपनि यो बर्ष के गरिन्छ भन्ने अझै टुंगो लागेको छैन। हरेक वर्ष वैशाख शुक्ल प्रतिपदाका दिन मच्छिन्द्रनाथलाई रथमा विराजमान गराउने चलन छ। यस वर्ष भने कोरोन महामारीको कारण असार १० गतेदेखि मात्रै मच्छिन्द्रनाथको रथ निर्माण अघि बढेको हो।

यसअघि लकडाउनका कारण चैत २८ मा पनि रथ निर्माणको काम रोकिएको थियो। वैशाख कृष्ण पक्षको प्रतिपदाबाट सुरु हुने जात्रा लिच्छवीकालदेखि निरन्तर चल्दै आएको छ। रातो मच्छिन्द्रनाथ रथयात्रा नेपालकै सबैभन्दा लामो जात्रा मानिन्छ।

# स्यार्पु तालमा डुबेर एकको मृत्यु, एक बेपत्ता

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ७ साउन

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका (३ र ५ मा पर्ने स्यार्पु तालमा डुबेर एक जनाको मृत्यु भएको छ। जिल्लाको बाँफिकोट गाउँपालिका वडा नम्बर ५, बडगाउँ निवासी २३ वर्षीय लोकबहादुर घर्तीको बुधबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको छ। बुधबार दिउँसो ३ जना उक्त तालमा पौडी खेलिरहेको अवस्थामा डुब्न लागेपछि उद्धार गर्न गएका घर्तीको तालमा डुबेर मृत्यु भएको हो।

त्यस्तै सोही वडाका २० वर्षीय अनिल घर्ती बेपत्ता भएका छन्। तालमा डुबेका तीन जनामध्ये एक जना आफैं निस्किएको, अर्का एक जनाको स्थानीयले उद्धार गरेको र एक जनाभने अझै बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले मध्यान्हलाई जानकारी दिएको छ।

बेपत्ताको खोजी कार्य तिव्ररुपमा भइरहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ। ईलाका प्रहरी कार्यालय बाँफिकोटको टोली, जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी उपेन्द्र राज पौडेल र जिल्ला प्रहरी कार्यालयका डिएसपी ठग बहादुर केसी लगायतको टोली उद्धार कार्यमा खटीएको प्रहरीले जानकारी दिएको छ।

तालमा पानीको तह उच्च भएकाले खोजबिनका लागि गाह्रो भएको प्रहरीको भनाइ छ। खोजीकार्य जारी रहे पनि बेपत्ता अहिलेसम्म फेला पर्न सकेका छैनन्। उनिहरु बुधबार दिउँसो १२ बजे नै बेपत्ता भएको तर प्रहरीलाई भने १ बजे सुचना प्राप्त भएको प्रहरीले बताएको छ।

# रहेनन् बर्मन बुढा



**काठमाडौं/मस-** रोल्पा थवाङका पुराना कम्युनिष्ट नेता बर्मन बुढाको निधन भएको छ। बुधबार बुधबार बिहान ललितपुर स्थित पाटन अस्पतालामा उपचारको क्रममा निधन भएको हो। बुधबार नै कम्युनिष्ट नेता बुढाको पशुपती स्थित विद्युतीय शवदाह गृहमा अन्त्येष्टि गरिएको छ।

९० वर्षीय बुढाको विगत एक वर्षदेखि आन्द्राको क्यान्सरको उपचार हुँदै आएको थियो। पूर्व सांसद समेत रहेका बुढाको अन्त्येष्टि गर्नुअघि उपराष्ट्रपति नन्दबहादुर पुनले पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर सम्मान गरे। यस्तै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अध्यक्ष पुष्पकमल दाहालले पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धान्जली दिए।

अन्तिम श्रद्धान्जली दिन सभामुख अग्निप्रसाद सापकोटा, पूर्वसभामुखहरु कृष्णबहादुर महरा र ओनसरी घर्ती, नेकपा क्रान्तिकारी (माओवादी)का अध्यक्ष मोहन वैद्य, उर्जामन्त्री वर्षमान पुन लगायतका नेताहरु पशुपती पुगेका थिए।

बर्मन बुढा २०४८ सालमा तत्कालीन संयुक्त जनमोर्चा नेपालबाट सांसद बनेका थिए। जनमोर्चाका विजयी ९ सांसदहरुमध्ये एकजना बर्मन बुढा थिए। त्यतिबेला संसदमा जनमोर्चाको नेतृत्व कृष्णबहादुर महराले गरेका थिए। तत्कालीन नेकपा (माओवादी)को जनयुद्धमा समेत बर्मन बुढा होमिएका थिए। माओवादी पार्टीमा आएको विभाजनप्रति उनी असन्तुष्ट थिए।

गाउँमा मुखियाहरुको अन्याय अत्याचारको विरोध गर्दा उनी जेल परेका थिए। प्युठान कारागारमा बस्दा मोहनविक्रम सिंहसँगको संगतले उनलाई कम्युनिष्ट बनाएको थियो। त्यसपछि २०१२ सालमा थवाङ फर्किएर उनले कम्युनिष्टको बिजारोपण गरेको बताइन्छ। बर्मन बुढा नेपाली कम्युनिष्ट आन्दोलनमा सरल जीवनशैली भएका व्यक्तित्वका रुपमा परिचित छन्।

# न्यूयोर्कमा लायन्स कुईन्स बुद्धको भर्चुअल बैठक सम्पन्न




**न्यूयोर्क, अमेरिका/मस-** 'हामी सेवा गर्छौं' भन्ने मूल नाराका साथ स्थापित लायन्स क्लबहरूमध्ये अमेरिका भरि छरिएर रहेका नेपाली लायन्सहरुको प्रतिनिधित्व हुने गरी लायन्स क्लब अफ कुईन्स बुद्धको आयोजनामा 'सफलताका कथाहरू २०२०' विषयक बैठक विभिन्न प्रतिवेदन पेश गर्दै यहि जुलाई १८ तारिख परोक्ष भर्चुअल पद्दतिबाट भव्यरूपमा समपन्न भएको छ। बैठक साढे तीन घण्टासम्म चलेको थियो।

कार्यक्रमका प्रमुख अतिथि अमेरिकाका लागि नेपाली राजदूत डा.अर्जुन कार्कीले नेपालीहरु अरू समुदायको लागि असल भएजस्तै आफ्नो समुदायको लागि असल बन्ने जीवनशैलीको विकास गर्नुपर्नेमा जोड दिए। राजदूत डा. कार्कीले नेपालीहरु विश्वभर जहाँ पुगेपनि आफ्नो भाषा संस्कृतिलाई नछोडेको बरु आफ्नो समुदायमा जोड्ने र जोडिने धेरै उपायहरू निकालेर मानवीय सेवामा लाग्ने गरेको उल्लेख गर्दै मानवीय सेवाले मानिसलाई वास्तविक रूपमा शान्ति र आनन्द दिलाउने बताए।

कार्यक्रममा लायन्स क्लब ईन्टरनेशनलका पूर्व डाइरेक्टर संजय खेतानले अन्तर्राष्ट्रिय लायन्सहरुको क्षेत्रमा नेपाली लायन्सहरुको सधैं उच्च स्थान रहेको उल्लेख गर्दै लायन्स क्लब अन्तर्राष्ट्रियको वेबसाइट नेपाली भाषामा पनि चाँडै तयार हुने जानकारी दिए। लायन्स क्लवहरु अहिले कोरोना संक्रमणकाविरुद्ध नेपाल सरकारसँग मिलेर सबैभन्दा अग्रपंतिमा रहेर मानवीय सेवामा सक्रिय रहेको पनि खेतानले जानकारी दिए।

लाईन्स क्लब अफ क्यालिफोर्नियाबाट पहिलो नेपाली गभर्नर राजन थापाले अमेरिका लायन्स क्लबहरूको अवसर र चुनौतिहरूकाबारेमा प्रकाश पार्दै अमेरिकामा धेरै लायन्स क्लबहरू र नेतृत्वहरू पनि नयाँ पुस्ता जन्मिने क्रममा रहेको जानकारी गराए।

यस्तै अर्का अतिथि राज श्रेष्ठले नेतृत्वको विकास, अवसर र चुनौतिको विषयका साथै लायन्स क्लबले कसरी काम गर्ने भन्ने तौर तरिकाहरूको बारेमा सविस्तार जानकारी गराएका थिए।

कार्यक्रममा बि एन पन्त, थलराज पन्त, मीना क्षेत्री, संजय थापा, कपिलदेव सुवेदी, देवेन श्रेष्ठ, बिन्दु सापकोटा, अस्मिता फुयालगायतले आ-आफ्नो सान्दर्भिक मन्तव्य राखेका थिए।

लायन्स क्लब अफ कुईन्स बुद्धका अध्यक्ष रिमाया नेपालीको सभापतित्व र स्वागत मन्तव्यबाट भएको कार्यक्रम संस्थापक अध्यक्ष कृष्ण आचार्यले संचालन गरेका थिए। कार्यक्रमको सचिवालयमा दिपकराज घिमिरे, अर्जुन गैडेल, बुद्ध पौडेल, बेगम पंडित, विकि पुलामीलगायतको टिम सकृय रहेको थियो। डिस्ट्रिक २०-के १, न्युयोर्क, क्विन्स बुद्ध लायन्स क्लबले आयोजना गरेको कार्यक्रमको प्रत्यक्ष प्रशारण क्विन्स बुद्ध लायन्स क्लबको फेसबुक पेज, रूपान्तरण, मकै हाउस र डि फोर क्रियशनले गरेका थिए।

## चिनियाँसहित...

जिप्रकालाई मास्क नलगाई बाहिर निस्कनेलाई रु १०० जरिवाना निर्देशन दिएको थियो। सरकारको निर्देशनानुसार प्रहरीले मास्क प्रयोग नगरी घर बाहिर निस्कनेबाट नगदी रसिद बुझाउँदै जरिवाना असूल गरेको हो। सुर्खेतका सहायक प्रजिअ भीमकान्त पौडेलले अटेरी गरी बाहिर निस्कनेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाहीस्वरुप जरिवाना तिराइएको बताए।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले समेत लकडाउन उल्लङ्घन गर्ने ५८३ सवारी साधन नियन्त्रणमा लिई सवारीधनीलाई कारवाही गरेको छ। त्यसबाट रु पाँच लाख ८९ हजार ५०० राजश्व संकलन गरिएको कार्यालयले जनाएको छ।

## अन्तर्राष्ट्रिय...

सामान्य अवस्थामा भन्दा केही बढी समय लाग्ने भएकाले सिमित उडानबाट विमानस्थललाई सूचारु गरिने बताए। सरकारले स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई भदौ १ गतेदेखि आन्तरिक र बाह्य उडान सुचारु गर्ने निर्णय गरेको छ। तर विमानस्थलले भदौ १ पछि दैनिक कति उडान गर्ने भन्ने औपचारिक निर्णय भने गरिसकेको छैन। तरपनि संक्रमणको जोखिमलाई ध्यान दिएर दैनिक १५ वटा भन्दा बढी उडान गर्न सम्भव नदेखिएको केसीले बताए। त्यस्तै आन्तरिक उडानतर्फ दैनिक ३० देखि ४० वटा सम्म उडान गर्न सम्भव हुने उनले बताए।

अन्तर्राष्ट्रिय यात्रुका लागि विमान उडान हुने समयभन्दा कम्तिमा चार घण्टा अघि विमानस्थल प्रस्थान हुनुपर्ने व्यवस्था गरिने उनले बताए। समान्य अवस्थामा आफ्नो उडान समयभन्दा तीन घण्टाअघि विमानस्थल पुग्नुपर्ने व्यवस्था रहेको थियो। विमानस्थल प्रमुख केसीले स्वास्थ्य सुरक्षा अपनाउनका लागि साधन स्रोत बढाउनुपर्ने बताए।

विमानस्थलसँग जनशक्ति पर्याप्त भएको तर संक्रमणको जोखिम कम गर्नका लागि साधन स्रोत थप्नुपर्ने उनले बताए। त्यसका लागि विमानस्थलले काम गरिरहेको पनि उनले बताए। देश भित्र रहेका अन्य आन्तरिक विमानस्थलहरु पनि उडानका लागि तयारी अवस्थामा रहेको उनले बताए। उनले देश भित्रका सबै विमानस्थलमा न्यूनतम स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर काम गरिने स्पस्ट पारे। कोरोना संक्रमणका हिसाबले विमानस्थल अत्यन्त संवेदनशिल ठाउँ भएकाले स्वास्थ्य सुरक्षाका प्रोटोकलहरुलाई पूर्णरुपमा पालना गर्न र गराउन विमानस्थल सक्षम रहेको उनले बताए। यस्तै यात्रुहरुलाई विमानस्थलमा आउँदा सतर्क रहनसमेत केसीले आग्रह गरे। विमानस्थलमा कुनैपनि व्यक्तिलाई समस्या भए त्यसको व्यवस्थापन गर्न विमानस्थल सक्षम रहेको पनि उनले बताए।

## वैदेशिक...

नयाँ सचिव पाएको थियो। सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले बाग्मती प्रदेशका प्रमुख सचिव तोयम रायालाई श्रम मन्त्रालयमा सरुवा गरेको थियो। उनी बुधबारसम्म मन्त्रालय आइसकेका छैनन्।

गत जेठ १२ गते मन्त्रालयका तत्कालीन सचिव विनोद केसीले उमेरहदका कारण सेवाबाट अवकास लिएपनि मन्त्रालय सचिवविहीन बनेको थियो। मन्त्रालयका सहसचिव बाबुराम अधिकारी निमित्त सचिवको जिम्मेवारीमा रहेका छन्।

## ठूलालाई...

गरिएकाले सहभागीहरुको संख्या बाक्लो हुने मात्रै नभएर सामुहिक तस्वीर समेत लिइयो। सभालाई सम्बोधन गर्दै नेता नेपालले पुष्पलालको योगदान सम्झेका थिए।

नेपाल कम्युनिस्ट पार्टीलाई अझै बलियो, एकताबद्ध, संस्थागत, विधि-पद्दतिमा आधारित, जनतासँग अझै घनिष्ट, परिवर्तनको मार्गमा दृढ र वैचारिकरुपमा स्पष्ट बनाउँदा पुष्पलालको सम्मान हुने नेता नेपालले बताए। निरकंश तथा सामन्ती राजतन्त्रको अन्त्य, केन्द्रिकृत राज्यसत्ताको ठाउँमा संघीय प्रणाली समावेशी लोकतन्त्र जस्ता विषयले मुलुक सबैको साझा हो र कसैको विशेषाधिकार छैन भन्ने कुरा व्यवहारमा स्थापित गर्न सफल भएको उनले बताए।

प्रतिष्ठानका सदस्य विष्णु रिजालले यसपटक हामीले कोभिड-१९ गर्दा पनि पुष्पलालप्रति श्रद्धाञ्जलि व्यक्त गर्न कार्यक्रम गरिएको बताए। कार्यक्रममा नेता नेपालले मात्र मन्तव्य राखेका थिए। उनले दुई ठूला कम्युनिस्ट पार्टी मिलेर एउटै नेपाल कम्युनिस्ट पार्टी निर्माण गरेर पुष्पलालको सपनालाई साकार मात्र पारेको नभई नेपाली जनताको मुक्ति आन्दोलनलाई गुणात्मकरुपमा एक कदम अघि बढाउन ठोस योगदान समेत गरेको बताए। उनले पुष्पलालले स्थापना गरेका पद चिह्नमा दृढतापूर्वक हिँड्न सकेकै कारण हामीले नेपालमा ऐतिहासिक परिवर्तन गर्न सकेको उल्लेख गरे।

पुष्पलालको नेतृत्वमा नेपालमा पहिलोपटक विसं २००६ वैशाख १० गते नेकपा स्थापना भएको थियो। नेपालमा कम्युनिस्ट पार्टीमार्फत जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यसाथ नेकपा स्थापना गर्नुभएका श्रेष्ठको २०३५ साउन ७ गते भारतको नयाँदिल्लीस्थित गोविन्दबल्लभ पन्त अस्पतालमा उपचारका क्रममा निधन भएको थियो।

# अपहरणको नाटक गर्ने पक्राउ



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-४ चुनदेवी बस्ने शक्तिराज रेग्मीले विभिन्न मानिसबाट लिएको रकम तिर्न नपरोस् भनेर अपहरणमा परेको नाटक गरेको खुल्न आएको छ। रेग्मी असार २४ गतेदेखि हराएका थिए। परिवारले अपहरण परेको हुनसक्ने भन्ने व्यहोराको निवेदन साउन ४ गते महानगरीय अपराध महाशाखामा बुझाएका थिए।

यस विषयमा अनुसन्धानका लागि महाशाखाबाट खटिएको प्रहरी टोलीले उनलाई गएराति होटलबाट पक्राउ गरेपछि अपहरणको नाटक गरेको रहस्य खुलेको हो। रेग्मी असार २४ गते घरबाट निस्की सम्पर्कविहीन भई अपहरणको नाटक गरी नयाँ बसपार्कस्थित सुगन्ध होटलमा युवतीसँग बसेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

पक्राउपछि अनुसन्धान गर्दा रेग्मीले विभिन्न व्यक्तिसँग जग्गा व्यवसाय गर्छु भनी करोडौं रुपैयाँ लिएको र पैसा तिर्नु नपरोस् भनी अपहरणको नाटक गरेको खुलेको महाशाखाका प्रहरी उपरीक्षक ईश्वर कार्कीले जानकारी दिए। अपहरणमा नपरेको तथा प्रहरीलाई अनावश्यक हैरानी दिई राज्यको स्रोतसाधनको दुरूपयोग भएकाले सोहीअनुसारको मुद्दामा उनीमाथि थप अनुसन्धानका लागि बुधबार प्रहरीमा बुझाइएको महाशाखाले जनाएको छ।

# प्रगति पेश गर्न पर्यटनमन्त्रीको निर्देशन



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले कर्मचार ीसँगको कार्यसम्पादन सम्झौता प्रगति हप्ता दिनभित्र पेश गर्न निर्देशन दिएका छन्। सिंहदरबारमा बुधबार मन्त्रालयको गत आर्थिक वर्षको प्रगति समीक्षा तथा चालू आर्थिक वर्षको कार्यक्रमका बारेमा भएको छलफलमा मन्त्री भट्टराईले गत आवमा मन्त्रीसँग भएको सम्झौताअनुसारका कार्यसम्पादन करारको प्रगति पेश गर्न मन्त्रालका सचिवलाई निर्देशन दिएका हुन्।

मन्त्रालयका अन्य शाखा अधिकृतले उपसचिवसँग, उपसचिवले सहसचिवसँग र सहसचिवले सचिवसँग सचिवले मन्त्रीसँग गरेको कार्य सम्पादन सम्झौताअनुसारका कार्यप्रगति पेश गर्न सबैलाई निर्देशन दिए। गत आवमा मन्त्रीले प्रधानमन्त्रीसँग गरेको सम्झौताका आधारमा प्रगति प्रतिवेदन पेश गर्ने मन्त्री भट्टराईले बताए। उनले सबैसँग हप्ता दिनभित्रमा वार्षिक कार्यसम्पादन सम्झौता गर्नेसमेत बताए।

मन्त्री भट्टराईले प्रत्येक महिनाको पहिलो हप्ता मासिक प्रगति समीक्षा र आउँदो महिनाको योजना पेश गर्न सबैलाई निर्देशन दिँदै आन्तरिक बजेट र नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट सञ्चालन हुने निकाय र विकास समितिलाई बजेट तथा कार्यक्रम साउनभित्र पास गर्न निर्देशन दिए।

मन्त्री भट्टराईले आगामी भदौ १५ देखि होटल तथा रेस्टुराँ खुल्ने हुँदा स्वास्थ्य र सुरक्षासम्बन्धी सावधानी अपनाउन सवै सरोकारवालासँग १० गतेभित्र समूहगत छलफल गरी उपत्यकाका लागि पर्यटन विभाग, पर्यटन बोर्डले अनुगमन संयन्त्र निर्माण गर्नुपर्ने साथै प्रदेशस्तरमा प्रदेश मन्त्रालयको नेतृत्वमा अनुगमन संयन्त्र बनाउनका लागि अनुरोध गर्न पनि निर्देशन दिए।

# राखेप सदस्य सचिवका लागि तीन जना सिफारिस





मुक्ति रेग्मी /मध्यान्ह
काठमाडौं, ७ साउन

राष्ट्रिय खेलकुद परिषद राखेपको सदस्य सचिव पदमा तीन जना सिफारिस भएका छन् । निवर्तमान सदस्य सचिव रमेशकुमार सिलवाल, अन्जु श्रेष्ठ र लिलाबहादुर थापालाई छनोट समितिले सिफारिस गरेको छ । नयाँ खेलकुद ऐन कार्यान्वयनमा आएसँगै सदस्यसचिव पद रिक्त रहेको थियो । त्यसका लागि युवा तथा खेलकुदमन्त्रालयले सचिव रामप्रसाद थपलिया संयोजक र रिम रानाभाट र इन्दिरा निरौला सदस्य रहेको छनोट समिति गठन गरेको थियो । उक्त समितिमा २७ जनाले आवेदन दिएका थिए । समिति गठनदेखि सिफारिस गर्दासम्म ६ वटा वैठक बसेको र उक्त वैठकले युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा सुनारलाई सिलवाल, श्रेष्ठ र थापाको नाम सिफारिस गरेको हो ।

पहिला मन्त्रीस्तरिय निर्णयबाट सदस्यसचिवको नियुक्ति गर्ने प्रावाधन रहेकोमा नयाँ ऐन कार्यान्व्यनमा आएसँगै खुला प्रतिस्पर्धाबाट चयन गर्न लागिएको हो । समितिले बुझाएको सिफारिस नियुक्तिका लागि मन्त्रिपरिषद्मा दर्ता पनि भइसकेको छ । विहीबार बस्ने मन्त्रिपरिषद्को बैठकले नियुक्त गर्ने सम्भावना रहेको छ ।

## सरकारको सचिव सरह सुविधा

**काठमाडौ, मस**-राष्ट्रिय खेलकुद परिषद् राखेपको नयाँ सदस्य सचिवको सेवा सुविधा सरकारको सचिव सरह हुने भएको छ ।

नयाँ ऐन कार्यान्वयनमा आएपछि खुला प्रतिस्पर्धाबाट सदस्यसचिवको नियुक्ति गर्न लागिएको छ ।

त्यसका लागि सदस्यसचिव छनोट समितिले २७ जना उम्मेदवारबाट ३ जनाको नाम सिफारिस गरिएको छ ।

समितिले युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा सुनारलाई वुझाएको सिफारिस अनुसार अन्जु श्रेष्ठ, रमेश कुमार सिलवाल र लिलबहादुर थापा रहेका छन् । मन्त्री विश्वकर्माले मन्त्रिपरिषद्मा प्रस्ताव पनि दर्ता गरिसकेको बुझिएको छ ।

विहीबार बस्ने मन्त्रिपरिषद् वैठकले नयाँ सदस्य सचिवको नियुक्ति गर्ने छ । नयाँ सदस्य सचिवको सेवा सुविधा विशिष्ट श्रेणीको हुने पनि सिफारिस गरिएको छ ।

अर्को व्यवस्था नहुँदासम्मका लागि सेवा सुविधा सचिवको सरह हुने पनि जनाइएको छ । यसअघि सदस्यसचिवको सेवा सुविधा परिषद्ले तोक्ने व्यवस्था रहेको थियो । अहिलेको कानुनमा सदस्यसचिवको सेवा सुविधा नेपाल सरकारले तोक्ने रहेको छ ।

# आईपीएल युएईमा हुने !




**काठमाडौं, एजैन्सी–** इन्डियन प्रिमियर लिग (आइपिएल) को १३ औं संस्करण संयुक्त अरव इमिरेट्स (यूएई) मा हुने पक्का भएको छ । आइपिएल गभर्निंग काउन्सिलका अध्यक्ष वृजेश पटेलले आइपिएल २०२० मा यूएईमा हुने पुष्टि गरेका हुन् ।

अर्को बैठकमा आपचारिक रुपमा घोषणा गर्ने पटेलले क्रिकइन्फोलाई बताएका छन् । यद्यपि प्रतियोगिताको मितिबारे भने निर्णय भइसकेको छैन । आइपिएल २०२० सेप्टेम्बर २६ देखि नोभेम्बर ७ सम्म गर्ने तयारी भई रहेको छ । पटेलका अनुसार आइपिएलका खेल दुबई, आवूधावी र शारजाहमा हुनेछन् । भारतीय क्रिकेट टोलीको अन्तर्राष्ट्रिय खेल तालिका अनुसार आइपिएल नोभेम्बर ७ सम्म सक्नुपर्ने हुन्छ । भारतको डिसेम्बर पहिलो साता देखि अष्ट्रेलियामा चार टेष्ट सिरिज खेल्ने कार्यतालिका छ । १४ दिन क्वारेन्टाइनमा बस्नुपर्ने हुन्छ । 'हामीले टि२० विश्वकप आइसिसीबाट औपचारिक स्थगितको पर्खाइमा थियौं । हामीले भारत सरकारसँग अनुमतिका लागि निवेदन दिएका छौं र अनुमति पाउनु पर्छ', उनले भने । आइपिएल अप्रिलमा हुने तय थियो । तर कोरोना भाइरसको महामारीको कारण अनिश्चित समय सम्मको लागि सरेको थियो । आइपिएल देश बाहिर तेस्रो पटक हुन लागेको हो । यसअघि सन् २००९ मा आम निर्वाचनको कारण पूरै संस्करण दक्षिण अफ्रिकामा भएको थियो । सन् २०१४ मा आमनिर्वाचनको कारण यूएईमा आइपिएलका २० खेल भएका थिए ।

सोमबार आइसिसी बैठकले विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीको कारण आगमी अक्टोबर नोभेम्बरमा अष्ट्रेलियामा हुने टि२० विश्वकप एक वर्षको लागि सरेको जनाएको थियो । त्यस्तै यस अघिनै सेप्टेम्बरमा पाकिस्तानमा हुने तय भएको एसिया कप टि२० प्रतियोगिता पनि सरेसँगै आइपिएल गर्न बाटो खुलेको थियो ।

# एपिएफका खेलाडीहरुको बढुवा



**काठमाडौं, मस-** विभागीय क्लब सशत्र प्रहरी बल (एपीएफ) मा आवद्द विभिन्न खेलका खेलाडी, प्रशिक्षक र रेफ्रीगरी २१ जना बढुवा भएका छन् ।

नेपालमा सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्णधारी गोपीचन्द्र पार्कीसहित १७ खेलाडी शसस्त्रको जवानबाट सहायक हवल्दारमा बढुवा भएका हुन् ।

यस्तै बढुवा हुनेमा दुई प्रशिक्षक र दुई रेफ्री रहेका छन् । उनीहरु बढुवाको नियमित प्रक्रिया अनुसार रोलक्रममा बढुवा भएका हुन् । 'एपीएफको नियमित प्रक्रिया अनुसार हवल्दारमा बढुवा हुँदा खेलाडी, प्रशिक्षक र रेफ्री गरी २१ जना बढुवा भएका छन्,' एपीएफका व्यवस्थापक तथा इन्स्पेक्टर विजय केसीले खेलपाटीसँग भने,'उनीहरु रोलक्रम अनुसार बढुवा भएका हुन् ।'

गोपीले सागमा एथ्लेटिक्सको ५ हजार मिटर दौडमा नेपाललाई स्वर्ण दिलाएका थिए । यस्तै सागमा फेन्सिङबाट कास्य विजेता ज्ञानेन्द्र तिमिल्सना र सागमै प्रतिस्पर्धा गरेकी एथलेटिक्सकी फुलमती राना पनि बढुवा भएकी छिन् ।

बढुवा हुने प्रशिक्षकमा क्रिकेटका राजेश श्रेष्ठ र फुटबलका गंगा गुरुङ रहेकी छिन् । रेफ्रीमा फुटबलका फिफा रेफ्री सहदेव श्रेष्ठ र महिला फुटबल रेफ्री मेरिना धिमाल रहेकी छिन् ।

उनीहरुलाई शसस्त्र प्रहरी उपरिक्षक तुलसीराम दहालले बुधबार दर्जान्ही चिन्ह प्रदान गरेका थिए ।

तर, दर्जान्ही चिन्ह लिन ८ जना मात्र उपस्थित भएका थिए । अन्य खेलाडी उपत्यका बाहिर ड्युटीमा रहेका कारण उपस्थित नभएका हुन् ।

# कङ्गोमा स्वास्थ्य आपतकाल अन्त्य, सीमा खुला



**किन्सासा, एएफपी-** प्रजातान्त्रिक गणतन्त्र कंगोका राष्ट्रपति फेलिक्स चिसेकेडीले कोरोनाभाइरस नियन्त्रणका लागि जारी गरिएको स्वास्थ्य आपतकाल अन्त्य गरिएको छ । उनले व्यावसायिक कृयाकलाप, विद्यालय र सीमा खुला गर्ने बारेमा तीन चरणको कार्यक्रम घोषणा गरेका हुन् । करिब आठ करोड जनसंख्या रहेको विशाल अफ्रिकी मुलुक कंगोमा मार्च १० यता आठ हजार ५३४ जनामा कोरोना सङ्क्रमण देखिएको र १९६ जनाको मृत्यु भएको थियो ।

राष्ट्रपति चिसेकेडीले अफ्रिकामा कोरोना सङ्क्रमितको संख्याका दृष्टिले कंगो नवौं सर्वाधिक असर परेको मुलुक रहेको बताउँदै मुलुकलाई लामो समय लकडाउनमा राख्दा मुलुकको आर्थिकस्थिति अझ कमजोर हुने देखिएपछि सबै किसिमका प्रतिबन्ध बिस्तारै हटाउन लागिएको जानकारी दिनुभयो ।

कंगो सरकारले गत मार्च २४ मा स्वास्थ्य आपतकाल घोषणा गर्दै सीमा पनि बन्द गरेको थियो । साथै सङ्क्रमण फैलिन सक्ने भन्दै विद्यालय, बार र रेस्टुराँ बन्द गरिएका थिए ।

सरकारको नयाँ आदेशअनुसार अब बुधबारदेखि सबै पसल, बैंक, रेस्टुराँ र बार खुला हुनेछन् भने सार्वजनिक यातायात खुला गरिने तथा ठूला सभा पनि गर्न पाइने छ ।

विद्यालय र विश्वविद्यालय आगामी अगस्ट ३ बाट पुनःखुल्नेछन् भने विमानस्थल, बन्दरगाह, सीमा र मठमन्दिरजस्ता धार्मिक स्थल आगामी अगस्ट १५ देखि खुल्नेछन् ।

# साउदी राजाद्वारा अस्पतालबाटै मन्त्रिपरिषदको अध्यक्षता



**रियाद, एएफपी–** बिरामी भएर अस्पतालमा उपचार गराइरहनु भएका साउदी अरेबियाका राजा सल्मानले मंगलबार साँझ अस्पतालबाटै भर्चुअल माध्यमबाट मन्त्रिपरिषद्को अध्यक्षता गरेका छन् । साउदी प्रेस एजेन्सी (एसपिए)का अनुसार साउदी राजा पित्तथैली सुन्निएपछि गत सोमबार किङ फैजल विशिष्टीकृत अस्पतालमा भर्ना भएका थिए । राजा सल्मानका लागि अस्पतालमा विशेष कक्षको व्यवस्था पनि गरिएको छ जहाँ भर्चुअल बैठकका लागि आवश्यक विद्युतीय सामग्रीको प्रबन्ध गरिएको छ ।

राजा सल्मानले आफ्नो स्वास्थ्यप्रति सदभाव दर्शाउने सबैप्रति आभार प्रकट गरेको पनि एसपिएले जनाएको छ ।

मन्त्रिपरिषद बैठकमा मक्कामा हुने आगामी हज तिर्थयात्राको व्यवस्थापनका बारेमा छलफल भएको थियो । कोरोनाभाइरस महामारीका कारण यस वर्ष हज तिर्थयात्रामा सहभागी हुनेको संख्यामा व्यापक कटौती गरिएको छ ।

साउदी अधिकारीले साउदी अरेबिया निवासी करिब एक हजार व्यक्तिलाई मात्र मक्का प्रवेशको अनुमति दिइने यसअघि प्रस्ताव गरेका थिए तर हाल यसमा संशोधन गरी करिब १० हजारलाई हजको अनुमति दिइन लागेको साउदी सञ्चार माध्यमले जनाएका छन् । विगतमा विश्वभरबाट हरेक वर्ष करिब २५ लाख व्यक्तिले मक्कामा हज गर्ने गरेका थिए ।

# एनओसीको कार्यकारीमा वैद्य



**काठमाडौं, मस-** नेपाल ओलम्पिक कमिटि (एनओसी) को कार्यकारी निर्देशकमा चतुरानन्द राज बैद्य नियुक्त भएका छन् ।

एनओसीले बुधबार उपाध्यक्ष समेत रहेका बैद्यलाई कार्यकारी निर्देशक नियुक्त गरेको हो । बैद्य एनओसीका कार्यकारी निर्देशक हुने पहिलो व्यक्ति हुन् । यस अघि एनओसीले कार्यकारी निर्देशक राख्ने गरेको थिएन् ।

एनओसीका अध्यक्ष जीवन राम श्रेष्ठ र कोषाध्यक्ष रतन टन्डनले बैद्यलाई नियुक्ति पत्र प्रदान गरेका थिए ।

बैद्यलाई नियुक्ति पत्र प्रदान गर्दै अध्यक्षले श्रेष्ठले उनलाई बधाई तथा शुभकामना दिएका थिए ।

अल नेपाल टेबल टेनिस एसोसिएसनका अध्यक्ष समेत रहेका बैद्यले सन् १९८५ मा एमबीए गरेका थिए ।

उनी टेबल टेनिसका पूर्व नेपाल च्याम्पियन समेत हुन् । उनी सन् २०४६ सालबाट टेबल टेनिस संघमा आबद्द रहदै आएका छन् ।

# अलास्कामा भूकम्प



**वासिङ्टन, सिन्हूवा-** संयुक्तराज्य अमेरिकाको अलास्कालाई केन्द्रविन्दु बनाएर ७.८ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प गएको छ ।

अमेरिकी भूगर्भ सर्भेका अनुसार उक्त भूकम्प अलास्काको दक्षिणी भेगमा स्थानीय समयअनुसार अपराह्न २.१२ बजे आएको थियो । भूकम्प जमिनको सतहबाट करिब १० किलोमिटर गहिराइमा आएको थियो ।

भूगर्भ केन्द्रले भूकम्पको गएको क्षेत्रको आसपास सुनामीको खतरा रहेको जनाएको छ । भूकम्पको धक्का सयौं माइल टाढासम्म अनुभव गरिएको थियो । अलास्का भूकम्पीय जोखिमयुक्त क्षेत्र हो ।


## म्यानपावर तु-विक्रिमा

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, २०७८ असार मसान्तसम्म नवकिरण भएको, मेनपावर अफिससहित विक्रिमा भएकाले लिन ईच्छुक व्यक्तिहरुले तु–सम्पर्क गर्नु होला ।

मुल्य रु. ८०,००,०००/– (अक्षरेपी रुपैया असी लाख मात्र) अफिस सहित

सम्पर्क : ९८०८९८८६६२

## ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम ईजाजत नं. २६६/०५८/०५९ को यस **ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | साउदी | ३२५ | ० | ३२५ |
| २. | यु.ए.ई. | २२७ | ० | २२७ |
| ३. | मलेसिया | १८ | ० | १८ |
| | कुल जम्मा | ५७० | 0 | कुल जम्मा ५७० जना |

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
का.म.न.पा.-३, चक्रपथ, महाराजगंज, काठमाडौं
(अष्ट्रेलियन राजदुतावासको पश्चिमपट्टि)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४६५०९१६, फोन नं. ०१-४६५०७९७

## समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना

यस सामुदायिक बन बाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाटगदीमा सकलन गरिएको साज जातको गोलिया थान ३९को ४११.१९ क्यु फिट खयर ७२५ गिन्डाको ७०५.८१ क्युफिट र खयर १०५१ गिन्डाको ४५१.२४क्युफिट काठ बाहिर बिक्री बितरण गर्नु पर्ने भएकोले काठ गोलिया जे जो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्याक्ति सघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ पुर्ण ब्याहोराको लागि यस समुहको सूचना पार्टीमा टास गरिएको छ ।

श्री देउराली सामुदायिक बन उपभोक्ता समुह
उदयपुरगढी-७

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६४/०९/१६ मा दर्ता भएको **प्रा.लि. नं. ५०३८४** को **एस. बि. आर. भि. शेयर मार्केट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/०८

यस कम्पनीको मिति २०७७/०२/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रतिष्ठा किल्लिङ एण्ड सर्भिसेज प्रा.लि. (प्रा.लि.नं. १३१८०६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्रतिष्ठा सर्भिसेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/०८

यस कम्पनीको मिति २०७७/०३/१५ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि. आई. एण्ड स्टील इण्डष्ट्रीज प्रा.लि. (प्रा.लि.नं. १३५१११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्मार्ट सिलीङ्ग इण्डष्ट्रिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## तु-चाहियो तु-चाहियो तु-चाहियो

यस संस्थाको लागि इमाडोल, ग्वार्को पुलबाट सानागाउँसम्मको मेन बाटोमा वा मेन बाटो देखिने गरी १/२ कित्ता भित्रसम्मको कार्यालयको लागि उपयुक्त ३ देखि ५ आनासम्ममा बनेको घर वा जग्गा तु-चाहियो

सम्पर्क : ९८५१११८६६१
संयोजक
उपयोगी घर जग्गा खरीद उप समिति
उपयोगी बचत तथा ऋण सहकारी संस्था लि.
इमाडोल, ललितपुर, फोन : ०१-५२०१५४२

## कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार सञ्चालन गर्न श्रम इजाजत पत्र नं. ५२३/०६१/०६२ को यस **कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | ३३ | ० | ३३ |
| २. | साउदी अरव | ७८ | ० | ७८ |
| | कुल जम्मा | १११ | 0 | कुल जम्मा १११ जना |

कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं,
फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८,

## इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि.को नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/०८

यस कम्पनीको मिति २०७६।१।१५ गते सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनीको साविक नाम इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि. बाट परिवर्तन गरी वृंदित सर्भिसेज प्रा.लि. कायम गर्ने निर्णय भए बमोजिम सम्पूर्ण चल, अचल सम्पती तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६।२।१५ को निर्णयानुसार नाम परिवर्तन भई आएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### दिनहुँ रेकर्ड तोड्दै सुनको मूल्य

# सुनमा लगानी फाइदाजनक हुने व्यवसायीको भनाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ साउन



नेपाली बजारमा बुधबार एकै दिन सुनको मूल्य प्रतितोला रु एक हजार ३०० ले बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुनको मूल्य प्रतितोला रु ९४ हजार र तेजाबी सुनको मूल्य प्रतितोला रु ९३ हजार ५६० पुगेको छ।

मङ्गलबार छापावाला सुन प्रतितोला रु ९२ हजार ७०० र तेजाबी सुन प्रतितोला रु ९२ हजार २६० मा खरिदबिक्री भएको थियो। यस्तै चाँदीको मूल्य पनि प्रतितोला रु ९५ ले बढेर एक हजार १३५ पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढेकाले स्थानीय बजारमा पनि त्यसको प्रभाव देखिएको महासङ्घका अध्यक्ष मोहनकुमार सुनारले बताए। अन्तर ाष्ट्रिय बजारमा बुधबार सुनको मूल्य प्रतिऔँस एक हजार ८६८.४५ डलर पुगेको छ। अध्यक्ष सुनारले अन्य क्षेत्रको तुलनामा सुनप्रति लगानीकर्ताको आकर्षण देखिँदा पनि सुनको मूल्य बढेको बताए।

दैनिक सुनको मूल्य निरन्तर वृद्धि हुँदै गएपछि कारोवार शून्यमा झरेको महासङ्घले जनाएको छ। "नेपाली बजारमा मुख्यत कोरोनाको असरका कारण कारोवार शून्य भएको हो", उनले भने। देशभरका सुनचाँदी व्यवसायीले सुनको कारोवार ठप्प भएको आफूलाई जानकारी गराएको उनले बताए।

पछिल्लो समय सुनको मुल्य बढिरहँदा यसमा लगानी गर्नेको संख्या पनि उत्तिकै मात्रामा बढ्दो छ। विश्व बजारमा कोरोना महामारीले निम्त्याएको आर्थिक संकटका कारण अमेरिकी डलरको मूल्य बढिरहँदा सुनको मूल्य पनि बढिरहेको छ। यसरी बढिरहँदा केही समयमै नेपालमा सुनको मूल्यले १ लाख नाघ्ने पक्का भएको महासंघका बरिष्ठ उपाध्यक्ष मनिकरत्न शाक्यले बताए। उनका अनुसार विश्वबजारमा सुनको मूल्यमा लगातार बढोत्तरी भईरहँदा नेपालमा यसको असर परेको छ। विश्व बजारमा सुनको मूल्य यसै बर्षको अन्त्यसम्ममा प्रतिऔंस २ हजार पुग्ने प्रक्षेपण गरिएको छ। यसरी विश्व बजारमा सुनको मूल्यमा वृद्धि भईरहँदा नेपालमा पनि वृद्धि हुने हुँदा लगानी गर्नेले ठुलो फाईदा उठाउन सक्ने शाक्यले जानकारी दिए। उनका अनुसार सुनमा लगानी गर्दा अबको केही महिनामै धेरै फाईदा उठाउन सकिनेछ। यस्तै शाक्यले लकडाउनअघि सुनमा लगानी गरेका लगानीकर्ताहरुले १० प्रतिशतभन्दा बढी फाईदा उठाईसकेका छन्।

लगनको महिनासम्म पनि सुनको मूल्य बढिरहेमा मंसिरमा पनि सुनको व्यापार ठप्प हुने उनको भनाइ छ। हाल विभिन्न बैंकमा गरी बजारमा ३ सय किलो सुन स्टक छ। जसका कारण बाहिरबाट सुन ल्याउनु पनि नपर्ने भएको छ।

# कर्णाली सरकारले उठायो मास्क प्रयोग नगर्नेबाट एक लाख राजश्व




**काठमाडौं/मस**-जिल्ला प्रशासन कार्यालय सुर्खेतले मास्क नलगाई हिँड्ने व्यक्तिलाई कारवाही गर्दा करीब रु एक लाख राजश्व सङ्कलन गरेको छ। कार्यालयले दुई साताका अवधिमा एक हजार ५९ जनालाई कारवाही गर्दा प्रतिव्यक्ति रु १०० का दरले रु एक लाख पाँच हजार ९०० राजश्व सङ्कलन गरेको हो। कोभिड १९-को सङ्क्रमण फैलिनबाट रोक्न गृह मन्त्रालयले असार २२ गते सबै जिप्रकालाई मास्क नलगाई बाहिर निस्कनेलाई रु १०० जरिवाना निर्देशन दिएको थियो। सरकारको निर्देशनानुसार प्रहरीले मास्क प्रयोग नगरी घर बाहिर निस्कनेबाट नगदी रसिद बुझाउँदै जरिवाना असूल गरेको हो। सुर्खेतका सहायक प्रजिअ भीमकान्त पौडेलले अटेरी गरी बाहिर निस्कनेलाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाहीस्वरुप जरिवाना तिराइएको बताए।

यसैबीच जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले समेत लकडाउन उल्लङ्घन गर्ने ५८३ सवारी साधन नियन्त्रणमा लिई सवारीधनीलाई कारवाही गरेको छ। त्यसबाट रु पाँच लाख ८९ हजार ५०० राजश्व सङ्कलन गरिएको कार्यालयले जनाएको छ।


# कामना सेवाद्वारा यातायात व्यवसायीलाई साउन महिनाको ब्याजमा भारी छुट

**काठमाडौं/मस**-कामना सेवा विकास बैंकले बैंकबाट हायरपर्चेज कर्जा लिएका यातायात व्यवसायीलाई ब्याजमा भारी छुट गरेको जनाएको छ। बैंकले असार मसान्तसम्मको बाँकी रहेको ब्याज र सावाँ साउन २० गतेसम्म तिरेमा साउन महिनाको ब्याजदरमा ५० प्रतिशत छुट दिने भएको हो। कोभिड-१९ को कारण देशको समग्र अर्थ व्यवस्थामा नराम्रो प्रभाव पारेको र विशेष गरी यसबाट यातायात व्यवसाय सबैभन्दा बढि प्रभावित भएको हुंदा कामना सेवा विकास बैक लिमिटेडबाट व्यावसायिक प्रयोजनको लागि हायर पर्चेज कर्जा सुविधा लिई व्यवसाय गर्दै आएका ग्राहकहरुलाई विशेष राहत दिने उद्देश्यका साथ ब्याजमा भारि छुट दिने योजना ल्याएको छ।

उक्त योजना अर्न्तरगत यस्ता कर्जा लिएकाग्राहक महानुभावहरुले २०७७साल आषाढ मसान्तसम्मको चुक्ता भुक्तान गर्न बाँकी साँवा र ब्याज २०७७साल श्रावण २० गते सम्म भुक्तानी गरेको खण्डमा श्रावण महिनाको ब्याज रकममा ५० प्रतिशतले छुट दिने योजना सार्वजनिक गरेको छ। साथै, आषाढ महिनासम्मको साँवा तथा ब्याज आषाढ महिना भित्रै भुक्तानी गरेका ऋणीहरुले समेत यो योजनाबाट लाभ उठाउन सक्नेछन। यो योजनाले यातायात व्यवसायिहरुलाई अधिकतम लाभ पुर्‍याई व्यवसाय सञ्चालनमा थप सहजता पुर्‍याउने समेत बैकले विश्वास लिएको छ।

काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको यस बैंकले देशका विभिन्न भागहरुमा १२४ वटा शाखा तथा ६६ वटा ब्ः मार्फत ग्राहकहरुलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ।

# क्रिएशन र कोका–कोलाद्वारा ३२०० भन्दा बढि सफाईकर्मीहरुलाई सहयोग




**काठमाडौं/मस**-क्रिएशन र कोका–कोला नेपालले सफाईकर्मीहरुका लागि राहत प्रदान गर्ने प्रयास सफलतापूर्वक सम्पन्न गरेको छ। देशभरका ३ हजार २ सय १२ सफाईकर्मीलाई सुरक्षा सामग्री, राशन प्याकेज प्रदान गर्दै सुरक्षा जागरुकता कार्यक्रम संचालन गरेको हो। कोभिड–१९ महामारीमा अग्रपंक्तिमा खटिएका सफाईकर्मीहरुलाई सुरक्षा र जीविकोपार्जन सुनिश्चित गर्न प्रतिक्रियाको रुपमा क्रिएशन र कोका–कोला नेपालको संयुक्त पहलमा सफाईकर्मी इमर्जेन्सी रिलिफ प्रोजेक्ट जेठ २ गतेबाट शुरु गरिएको हो। यसअन्तर्गत अन्तिम चरणको वितरण कार्यक्रम सिराहमा सम्पन्न भएका छ जहाँ ३७० सफाईकर्मीलाई गुणस्तरीय राशनको ३०० प्याकेज, औषधी, जागरुकता सामग्री र ग्लभ्स,बुट, पीपीई लगायत सुरक्षा सामग्रीहरु वितरण गरिएको थियो। राहत वितरणका साथै चिकित्सा परामर्श र सामान्य स्वच्छता जागरुकता समेत प्रदान गरिएको थियो। उक्त कार्यक्रम सो क्षेत्रका स्थानीय सरकारी अधिकारीहरुको उपस्थीतिमा आयोजना गरिएको थियो। यसबाहेक, टोलीले भक्तपुर अस्पतालको आइशोलेशन वार्डमा कार्यरत सफाईकर्मीका लागि अस्पताल जागरुकता सत्र आयोजना गरेको छ। उक्त जागरुकता सत्र टोलीका चिकित्सा अधिकारी डा.निमेश खनालको नेतृत्वमा ३० भन्दा सफाईकर्मीहरुलाई प्रदान गरिएको थियो। सफाईकर्मी इमर्जेन्सी रिलिफ प्रोजेक्ट गत हप्ता सम्पन्न भएको हो जसअन्तर्गत सफलतापूर्वक ६४ वटा राहत वितरण कार्यक्रम आयोजना गरिएको छ भने ३२१२ जना सफाईकर्मीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। यस अवधिमा, हरेक परिवारका ५ जना सदस्यलाई १ महिना सम्मका लागि पुग्ने राशन वितरण गरिएको थियो जहाँ १६००० भन्दा बढि लाभान्वित भएका छन्। यसका साथै ७७० सुरक्षा सामग्री वितरण गर्नुका साथ जागरुकता कार्यक्रम र चिकित्सा परामर्श प्रदान गरिएको थियो। यस परियोजनाको लक्ष्य कोभिड–१९ महामारी विरुद्ध लड्ने र नेपालभरका ३२०० सफाईकर्मीलाई सकारात्मक लाभ प्रदान गर्ने रहेको थियो। यस परियोजना अन्तर्गत काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, पर्सा, सप्तरी र सिराह जिल्लामा वितरण कार्यक्रम सम्पन्न भइसकेको छ। उक्त टोली हाल अनुगमन र परियोजना कार्यान्वयनको प्रभावहरु र यस परियोजनाबाट कत्ति लाभार्थीहरु लाभान्वित भए भन्ने बुझ्न लागी परेको छ।

यस जारी परियोजनाका बारेमा क्रिएशनका संस्थापक तथा अध्यक्ष आनन्द मिश्रले भने, 'कोभिड–१९ को प्रतिकृयाका रुपमा शुरु गरिएको सफाईकर्मी इमर्जेन्सी रिलिफ प्रोजेक्ट महामारीको समयमा सफाईकर्मीहरुको योगदानलाई कदर र सम्मान गर्न महत्वपूर्ण पहल थियो। यद्यपी हाम्रो तत्काल राहत वितरण कार्यक्रम सफाईकर्मी इमर्जेन्सी रिलिफ प्रोजेक्टमार्फत सम्पन्न भएपनि उनीहरुको सुरक्षा र भलाईका लागि हाम्रो प्रयास जारी रहनेछ। हाम्रो सफाईकर्मीहरुलाई सहयोग गर्न यस परियोजनामा सलंग्न सबै सरोकारवालाहरुपति हामी आभारी छौं। हामी एकसाथ मिलेर भविष्यमा सफाईकर्मीहरुको जीवन सहज बनाउन र उनीहरुको हकको सम्मान र इज्जत सुनिश्चित गर्न सक्नेछौं।' कोका–कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भने, 'क्रिएशनसंगको यो पहल कोका–कोला नेपालको कोभिड विरुद्ध लड्न रु ८ करोड सहयोग गर्ने प्रतिबद्धताको एक हिस्सा हो। हामी खुशी छौं कि हामीले ३२०० सफाईकर्मीमाँझ पुग्ने प्रतिबद्धता पूरा गरेका छौं र हामी आशा गर्दछौं कि हाम्रो राहत प्रयासले यस कठिन समयमा उनीहरुलाई सहयोग गरेको छ। उनीहरुले हाम्रो र वातावरणको सेवाका लागि गरेका सम्पूर्ण कामप्रति हामी आभारी छौं।'

# पशुपति सहकारीले बृहत मर्जर अभियान संचालन गर्ने

**काठमाडौं मस**- पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभले सहकारी-सहकारी बीच बृहत एकीकरण अभियान संचालन गर्ने भएको छ। कम्पनीले ७७ जिल्ला र ७ सय ५३ स्थानीय तहका संस्थाहरुलाई समेटेर नेपालकै नमुना सहकारी संस्था निर्माण गर्ने लक्ष्यसहित बृहत एकीकरण अभियान संचालन गर्न लागेको हो।

बृहत एकीकरण संचालन गर्नका लागि पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. ले २२ औं साधारणसभाबाट निर्णय गरी अध्यक्ष सिवी लामाको संयोजकत्वमा मर्जर कमीटी समेत निर्माण गरेको छ। यहि समितिमार्फत एकीकरणका लागि इच्छुक सहकारी संस्थाहरुका साथै सरोकारवालाहरुसँग सहजिकरण र समन्वय सुरु गरिएको छ।

संविधानमै अर्थतन्त्रको एक खम्बा मानिएको सहकारी अभियानबाट राज्यले राखेको उद्देश्य पुरा गर्नका लागि बृहत एकीकरण अभियान संचालन गर्न लागिएको संयोजक लामाले जनाए।

"स-साना संस्था संचालन गरेर अब राज्यले सहकारी अभियानबाट राखेको अपेक्षा पुरा हुदैन"उनले भने, "त्यसका लागि एक/दुई वटा संस्था एकीकरण गरेर पुग्दैन, वृहत एकीकरण गरी बलियो पुँजीगत आधार सहितको ठूलो नेटवर्क भएको संस्था बनाउन आवश्यक छ।"

अहिले सहकारी अभियानमा ३५ हजार संघसंस्था दर्ता भएपनि देशको अर्थतन्त्रमा सहकारीको योगदान न्यून छ। संस्थाहरु स-सानो हुँदा पुँजी छरिन गई सहकारीमार्फत अत्याधुनिक सेवा प्रदान गर्न र ठूला ठूला परियोजनाहरुमा लगानी समेत गर्न सकिएको छैन। यहि कारण पूँजीगत आधार बलियो भएको दिगो सहकारी संस्था निर्माण गरी त्यसमार्फत सदस्यलाई प्रविधिमा आधारित अत्याधुनिक सेवा प्रदान गर्ने र सहकारीमार्फत उत्पादनमुलक ठूला उद्योग तथा व्यवसाय संचालन गर्ने लक्ष्य रहेको संयोजक लामाले बताए। संघिय सरकारले आर्थिक वर्ष २०७७/०७८ बजेट वक्तव्यमा पनि सहकारी संस्थाहरुलाई एकीकरणका लागि प्रोत्साहन गर्ने उल्लेख गरेको छ। यसैगरी संघिय सहकारी विभागका साथै राष्ट्रिय सहकारी महासंघलगायतका संघ संस्थाले पनि सहकारी एकीकरणलाई प्रोत्साहन गरिरहेका छन्।

# सनराईज बैंकले एसएमई लोन ९.९५ प्रतिशत ब्याजदरमा दिने

**काठमाडौं/मस**-सनराईज बैंकले आफ्ना ग्राहकलाई सनराईज सरल एसएमई कर्जा उपलब्ध गराउने भएको छ। बैंकले आफूसँग ज्ञान, सीप, क्षमता र उद्यमशीलता भएका तर पूँजीको अभावले उद्यम तथा व्यवसाय सञ्चालन तथा विस्तार गर्न असमर्थ साना व्यवसायीलाई सहज तथा सरल ढङ्गले तत्कालै कर्जा उपलब्ध गराउने ९ दशमलव ९५ प्रतिशत वार्षिक ब्याज दरमा उक्त कर्जा दिने भएको हो। उक्त योजना अर्न्तगत ग्राहकले कर्जा लिन आवश्यक सम्पूर्ण कागजात बैंकमा पेश गरेको २४ कार्य घण्टामै ग्राहकलाई कर्जा प्रवाह गरिने व्यवस्था मिलाइएको छ। बैंकको उक्त व्यवस्था अन्तर्गत ग्राहकले एक करोड सम्मको कर्जा सहुलियत ब्याज दरमा प्राप्त गर्न सक्नेछन्। यस्तै बैंकले कर्जाको लागि प्रचलित धितो आवश्यकताको लागि समेत केहि छुट प्रदान गर्नका साथै यस्तो सुविधा उपयोग गर्ने व्यवसायसँग सम्बन्धित व्यक्तिहरुले निशुल्क क्रेडिट कार्डको सुविधा समेतको लाभ उठाउन सक्नेछन्। साना तथा मझौला उद्यमीको लागि कर लेखा तथा अन्य व्यवसायिक दक्षता अभिवृद्धिको निमित विभिन्न किसिमका परामर्श सेवा समेत उपलब्ध गराउँदै आएको जनाइएको छ। यो सुविधा देशका विभिन्न स्थानमा फैलिएका यस बैंकको १३४ शाखाहरूबाट ग्राहकले लिन सक्नेछन्।

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व.२०७७/०७८ मा प्रकाशन हुने विज्ञापनको दर रेट निम्नानुसार कायम गरिएको छ। यो दर रेट २०७७ साउन १५ गतेदेखि लागू हुने व्यहोरा सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवं सम्बन्धित सवैमा जानकारी गराइन्छ।

### बिज्ञापन दर रेट

| | रंगिन प्रति सिसि | स्यामस्वेत प्रति सिसि |
|---|---|---|
| प्रथम पृष्ठ | रू. १,६००/- | रू. १६,००/- |
| अन्तिम पृष्ठ | रू. १,५००/- | रू. १,५००/- |
| भित्री पृष्ठ | रू. १,४००/- | रू. १,२५०/- |

वर्गीकृत :

| | | |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. १,०००/- | रू. ५००/- |
| वर्गीकृत डिस्प्ले(प्रति शब्द) | | रू. २०/- |

ज्याकेट २ पेज रू. १०,००,००० /– उल्लेखित दर रेट मू.अ.क. बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

का.म.न.पा.–२९, बागबजार, काठमाडौं,
फोन नं. ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com
Web: www.madhyanhadaily.com
Facebook Page : Madhyanha News

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**